नेपाल सरकार

विज्ञापन बोर्ड

## बिद्युतीय सञ्चार माध्यममा लोककल्याणकारी विज्ञापन प्रसारणको लागि आवेदन दिने सम्बन्धी सुचना

**(दोस्रो पटक प्रकासित मितिः २०८१/९/२९)**

नेपाल सरकारबाट उपलब्ध गराइने लोककल्याणकारी विज्ञापन प्रसारण गर्न इच्छुक टेलिभिजन (भु-उपग्रह, भु-सतहि, केवल) र रेडियो तथा एफ.एम. रेडियोहरुले यस बोर्डको अनलाइन प्रणाली मार्फत २०८१/९/२९ गतेसम्म आवेदन गर्न मिति २०८१/८/२४ गते सुचना प्रकासित गरिएकोमा सरोकारबाला संघ/संस्थाहरुले बिभिन्न कारणहरु जनाई म्याद थपको लागि अनुरोध गर्नु भएको सन्दर्भमा लोककल्याणकारी विज्ञापन प्रसारण गर्नका लागि विज्ञापन बोर्डमा सुचीकरण तथा नविकरण गर्न बाँकी रहनु भएका टेलिभिजन, रेडियो तथा एफ.एम. रेडियोहरुले मिति २०८१/१०/१५ गतेभित्रमा तपसिल बमोजिम आवदेन गरी बोर्डमा सूचीकरण तथा नविकरण गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना पुनः प्रकासित गरिएको छ ।

<u>तपसिलः</u>

१. लोककल्याणकारी विज्ञापन प्रसारण गर्न चाहने विद्युतीय सञ्चारमाध्यममले विज्ञापन बोर्डमा आफ्नो सञ्चारमाध्यम सूचीकरण तथा नविकरण गर्नुपर्नेछ ।

२. सञ्चार माध्यमको सूचीकरण तथा नविकरण गर्दा बोर्डको बेवसाइट adboard.gov.np को AMS Login वा ams.adboard.gov.np मा login गरी आवश्यक विवरण प्रबिष्टि साथै बिद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारण सम्बन्धि मापदण्ड २०७८ (संशोधन सहितको) दफा ७(२) बमोजिमका कागजात समेत संलग्न गर्नुपर्नेछ ।

३. गत आर्थिक बर्षमा विज्ञापन बोर्डमा सुचीकृत भईसकेका विद्युतीय सञ्चारमाध्यमले समेत अद्यावधिक कागजात अनलाइनमा प्रबिष्ट गरी चालु आ.ब.का लागि नविकरण गर्नुपर्नेछ ।

४. बिद्युतीय सञ्चारमाध्यमको सुचीकरण तथा नविकरण स्वीकृत भए पश्चात मापदण्डको दफा ८ बमोजिमका शर्तहरु पुरा गरेका बिद्युतीय सञ्चार माध्यमले लोककल्याणकारी विज्ञापन प्रसारणको लागि पुनः बोर्डको वेबसाइट ams.adboard.gov.np मा Login गरी मापदण्डको अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

५. बिद्युतीय सञ्चारमाध्यमको सुचीकरण तथा नविकरण एवं लोककल्याणकारी विज्ञापन प्रसारणको लागि आवेदन प्रक्रिया पुरा नगरेका टेलिभिजन, रेडियो तथा एफ.एम. रेडियोहरुलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराइने छैन ।

यस सम्बन्धी विस्तृत जानकारीको लागि बोर्डको इमेल वा ०१-५९०९३४४/५९१९३४६ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।